# जनकपुरधाम उप-महानगरपालिका

जनकपुवधाम ऊप-महानगवपानिका

## नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या :- ०८२/०८३

चलानी नं. :- ८८६

मिति: २०८२/०५/०८

**सूचना ।** **सूचना ।** **सूचना ।**

**निजि जग्गामा वृक्षारोपणका लागि अनुदान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०५/०८)**

प्रस्तुत बिषयमा यस जनकपुरधाम उप-महानगरपालिका, धनुषाबाट आ.व. २०८२/८३ मा सञ्चालन हुने समृद्धिका लागि वन परियोजना कार्यक्रम अन्तर्गत **"निजी जग्गामा लैङ्गिक सुविधा सहितको वृक्षारोपण/कृषि वन स्थापना"** को लागि अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि, वृक्षारोपण अनुदान निर्देशिका, २०७९ (प्रथम संशोधन २०८१) मा तोकिएका प्रजातिहरुमा वृक्षारोपण गर्न (संख्या १०० बिरुवा नघट्ने गरी) इच्छुक व्यक्ति, कृषि सहकारी संस्था, कृषि वन समूह, कृषक समूह वा घरधुरीले यो सूचना प्रकाशित मितिले ३० दिनभित्र (मिति २०८२/०६/०६ गतेसम्म) यस उप-महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा तपसिलका कागजातहरु संलग्न गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

***आवश्यक कागजातहरु र***

१. निवेदन (वृक्षारोपण गर्न छुट्याएको जग्गाको क्षेत्रफल, वृक्षारोपण गर्ने प्रजाति र संख्या स्पष्ट पारेर — कम्तिमा १०० वटा)

२. नेपाली नागरिकताको प्रतिलिपि

३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

४. समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

५. समूह बैठकको निर्णयको प्रतिलिपि

***द्रष्टव्य***

निर्देशिकामा तोकिएको बमोजिम वृक्षारोपण कार्यक्रमको अनुगमन प्रतिवेदनपछि मात्र निजी जग्गामा कृषि वन स्थापनाको हकमा अनुदान रकम किसानहरुलाई किस्ताबद्ध रूपमा प्रदान गरिनेछ। तसर्थ, प्रस्ताव पेश गर्दा सोही अनुसारको लगानी योजना समेत संलग्न गर्नुपर्नेछ।

***थप जानकारीको लागि** यस उप-महानगरपालिकाका वन प्राविधिक **श्री सुभाष चन्द्र शर्मालाई** (मोबाइल नं. ९८४४१२९९९२) संपर्क गर्नुहुन अनुरोध छ।*

(मेहीलाल यादव)

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत